# त्रिभुवन विश्वविद्यालय
# नेपाल ल क्याम्पस

प्रदर्शनी मार्ग, काठमाडौं

पत्र संख्या: ............
च.नं.: ................

मिति : २०७६/०८/०९

**एलएल.बी. प्रथम वर्ष २०७५ समूहमा भर्नाका लागि**
**प्रवेश परीक्षा फाराम भर्ने सम्बन्धी सूचना ।**

त्रिभुवन विश्वविद्यालय, त्रि.वि. कानून संकाय डीनको कार्यालयको च.नं. १९७/०७६/०७७ मिति २०७६/०८/०६ गतेको पत्रानुसार शैक्षिक वर्ष २०७५/०७६ को एलएल.बी. प्रथम वर्षमा **३०० सिट संख्या निर्धारण गरी** भर्नाका लागि प्रवेश परीक्षा लिइ योग्यताक्रमका आधारमा भर्ना गर्नु भनी मिति २०७६/०८/०६ गते पत्र प्राप्त भएको हुँदा यस क्याम्पसमा सञ्चालन हुने ३ (तीन) वर्षे एलएल.बी. तह ( शैक्षिक वर्ष २०७५/०७६ को प्रथम वर्ष) को प्रवेश परीक्षाको लागि निम्न शर्तहरु सहित यो सूचना प्रकाशित गरिएको छ। ***साथै यस अघि मिति २०७५/१२/२८ मा प्रकाशित सूचना अनुसार प्रवेश परीक्षा दिने आवेदकहरुले पुन: आवेदन फाराम भर्नु पर्ने छैन तर आरक्षण सिटमा दावी गर्ने विद्यार्थीहरुले तपसीलमा उल्लेखित कागजातहरु सहित निवेदन उपलब्ध गराउनु पर्ने व्यहोरासमेत यसै सूचनाद्वारा जानकारी गराइन्छ ।***

| | | |
|---|---|---|
| १. | **आवेदन फाराम वितरण र दर्ता :** | २०७६ साल मंसिर **१० गते मंगलबार**देखि २०७६ साल मंसिर **२५ गतेसम्म (विहान ११.०० देखि दिउँसो** ३:०० बजेभित्र) |
| २. | **फाराम उपलब्ध हुने स्थान :** | नेपाल ल क्याम्पस (लेखा शाखा) बाट रू. १०५०।- को भौचर बुझाए पश्चात् प्राप्त गर्न सकिनेछ । |
| ३. | **फाराम बुझाउने स्थान :** | नेपाल ल क्याम्पसको परीक्षा शाखा |
| ४. | **प्रवेश परीक्षा फर्म दस्तुर :** | **रु.५०।- (अक्षरुपी पचास) मात्र** |
| ५. | **प्रवेश परीक्षा दस्तुर :** | **रु. १०००।- (अक्षरुपी एक हजार) मात्र** |
| ६. | **प्रवेश परीक्षा :** | **२०७६ साल पौष ५ गते शनिबार दिउँसो ११:०० देखि २:०० बजेसम्म** |
| ७. | **प्रवेश परीक्षा केन्द्र :** | अर्को सूचना प्रकाशित गरिनेछ । |
| ८. | **प्रवेश परीक्षामा आवेदन गर्न आवश्यक शैक्षिक योग्यता :** | त्रि.वि.बाट मान्यता प्राप्त शैक्षिक संस्थाबाट स्नातक उत्तीर्ण भएकाहरुले मात्र आवेदन गर्न पाउनेछन्, तर कानूनमा स्नातक (बी.एल., एलएल.बी. र बी.ए.एलएल.बी. वा सो सरह) उत्तीर्ण गरिसकेका विद्यार्थीहरुले आवेदन गर्न पाउने छैनन् । |
| ९. | प्रवेश परीक्षामा तपसील बमोजिमका विषयवस्तु मध्येबाट प्रश्न सोधिने छ ।<br>**क) नेपालको संविधान**<br>**ख) कानूनका सिद्धान्तहरू** - कानूनको परिचय, विधिशास्त्रको परिचय र सम्प्रदाय, कानूनको स्रोत, सम्पत्ति सम्वन्धी अवधारणा, न्याय सम्वन्धी व्यवस्था, हक र अधिकार, भोग र स्वामित्व तथा व्यक्ति र व्यक्तित्व । | |

क्याम्पस प्रमुख

| १०. | **प्रश्नको प्रकृति : २०× ५= १००** |
|---|---|
| | प्रवेश परीक्षामा कूल पूर्णाङ्क १०० हुनेछ जसमा ५ अङ्कका २० वटा छोटा प्रश्न सोधिनेछन् । |

११. आवेदन फाराम बुझाउँदा निम्न लिखित कागजातहरु अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

**क**) स्नातक तह वा सो सरह उत्तीर्ण भएको लब्धांक-पत्र, चारित्रिक प्रमाण-पत्र, एक/एक प्रति

**ख**) हालसालै खिचेको पासपोर्ट साइजको फोटो दुईप्रति ।

**ग**) त्रि.वि. बाहेकका स्वदेशी वा विदेशी विश्वविद्यालय/शिक्षण संस्थाहरूबाट स्नातक तह वा सो सरह उत्तीर्ण गरेकाहरूले त्रि.वि.को समकक्षता प्रमाण-पत्र एवं सम्वन्धित विश्वविद्यालय/ शिक्षण संस्थाको सक्कल माइग्रेशन प्रमाण-पत्र र सोको प्रमाणित प्रतिलिपि साथै Board (Pass) Certificate दुवै अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

**घ**) त्रि.वि. अन्तर्गतका आङ्गिक क्याम्पसमा आरक्षण सम्वन्धी सिटमा भर्ना गर्ने सम्वन्धी विनियम, २०७४ बमोजिम आरक्षण दावी गर्ने विपन्न वर्गका परीक्षार्थीहरुले निम्न बमोजिमका कागजातहरु पेश गर्नुपर्नेछ । सो बमोजिमका कागजात आवेदन फारामका साथ पेश नगर्ने परीक्षार्थीको आरक्षणमा दावी लाग्ने छैन ।

अ) आरक्षण दावी गर्ने सवै समुहका विपन्न वर्गका उम्मेदवारले कक्षा ८,९, एस.एल.सी/एस.ई.ई र कक्षा ११ र १२ सरकारी/सामुदायिक विद्यालयमा अध्ययन गरेको भन्ने सम्बन्धित शिक्षा विकास तथा समन्वय इकाईको सिफारिस साथै सम्बन्धित गाउँपालिका वा नगरपालिकाको नेपाल सरकारले तोकेको मापदण्ड अनुरुप वार्षिक आयश्रोत रु. ४०,०००/- (अक्षरुपी चालीस हजार) भन्दा कम भई गरिविको रेखा मुनि परेको भनि प्रमाण सहित आधार कारण खुलाईएको सिफारिस पत्र ।

आ) स्नातक तहको हकमा स्नातक तह त्रि.वि. को आंङ्गिक क्याम्पसबाट वा अन्य सरकारी/सामुदायिक क्याम्पसबाट उत्तीर्ण गरेको हुनु पर्नेछ ।

इ) आरक्षण दावी गर्ने निम्न वर्गका उम्मेदवारले थप देहाय बमोजिमका कागजात अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

- **अपाङ्गता भएका उम्मेदवार**ले राष्ट्रिय अपांग महासंघ वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयको सिफारिसपत्रका साथै नेपाल सरकारले तोकेको निकायले जारी गरेको सक्कल परिचयपत्र ।
- **आदिवासी/जनजाति उम्मेदवार**ले आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयको सिफारिशपत्र ।
- **दलित उम्मेदवार**ले राष्ट्रिय दलित आयोग वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयको सिफारिसपत्र ।
- **पिछडिएको दुर्गम क्षेत्रका उम्मेदवार**ले सम्बन्धित गाउँपालिका तथा नगरपालिकाको स्थायी बसोबास भएको नागरिक भनी प्रमाणित गरेको सिफारिसपत्र का साथै जुन जिल्लाको नागरिकता लिएको विद्यार्थी हो सोही जिल्लाको सरकारी स्कूलबाट कक्षा

क्याम्पस प्रमुख

त्रिभुवन विश्वविद्यालय
नेपाल ल क्याम्पस

८,९, एस.एल.सी./एस.ई.ई, कक्षा ११ र १२ पास गरेको सम्बन्धित शिक्षा विकास तथा समन्वय इकाइको सिफारिस पत्र र नेपाली नागरिकताको प्रमाण पत्र ।

- **मधेसी समुदायका उम्मेदवार**ले सम्बन्धित जिल्ला प्रशासन कार्यालयको सिफारिस पत्रका साथै पिछडिएको समुदायका मधेशीको हकमा सम्बन्धित जिल्ला प्रशासन कार्यालयको सिफारिस पत्रका अतिरिक्त पिछडिएको समुदाय जिल्ला समन्वय समिति (गठन तथा कार्य सञ्चालन) कार्यविधि, २०७१ अनुसार गठित पिछडिएको समुदाय जिल्ला समन्वय समितिको सिफारिस पत्र ।
- **मुस्लिम समुदायका उम्मेदवार**ले सम्बन्धित जिल्ला प्रशासन कार्यालयको सिफारिस पत्र ।
- **अन्य अन्तर्गत विपन्न खस आर्यमा दावी गर्ने उम्मेदवार**ले सम्बन्धित जिल्ला प्रशासन कार्यालयको खस आर्य समुदायमा पर्ने व्यहोराको सिफारिस पत्र ।
- **अन्य अन्तर्गतका लैङ्गिक तथा यौनिक अल्पसंख्यक उम्मेदवार**ले आफू सो वर्गमा पर्ने कुराको सम्वन्धित जिल्ला प्रशासन कार्यालयको सिफारिसपत्र ।

**ङ)** आरक्षण दावी गर्ने उम्मेदवारले भर्ना हुनका लागि प्रवेश परीक्षामा कम्तिमा ४० प्रतिशत अंक प्राप्त गरेको हुनुपर्नेछ ।

**च)** आरक्षण प्राप्त गर्ने विद्यार्थीले त्रिभुवन विश्वविद्यालयको अन्य आङ्गिक क्याम्पसको एकै समयमा कुनै तह र विषयमा आरक्षणमा भर्ना गरेको हुनु हुदैन । साथै कुनै विद्यार्थीले अन्य विषयमा स्नातक तहमा आरक्षण प्रांप्त गरी सो तह अध्ययन गरेको भए आरक्षण सुविधा प्राप्त गर्ने छैन ।

**छ)** आरक्षण सुविधा प्राप्त गर्ने विद्यार्थीले भ्रुट्टो विवरण पेस गरी आरक्षण सुविधा लिइ भर्ना भएको प्रमाणित भएमा भर्ना रद्द गरी कानून बमोजिम कारवाही हुनेछ ।

**(ज)** आरक्षणमा भर्ना हुने विद्यार्थीले खुला तर्फका विद्यार्थीले भर्ना हुन लाग्ने सरहको सबै शुल्क तिर्नु बुझाउनु पर्नेछ । तर अपाङ्गताको हकमा यो व्यवस्था लागू हुने छैन ।

१२. **आरक्षण सम्वन्धमा :** त्रि.वि. अन्तर्गतका आङ्गिक क्याम्पसमा आरक्षण सिटमा भर्ना गर्ने सम्बन्धी विनियम, २०७४ बमोजिम त्रिभुवन विश्वविद्यालयले निर्धारित गरेको संख्यामा विद्यार्थीहरू भर्ना गर्दा प्रत्येक शैक्षिक कार्यक्रम अन्तर्गतका विषयमा जम्मा सिट संख्याको २० प्रतिशत निम्नलिखित वर्गहरुका लागि छुट्याईएका निम्नलिखित सिट संख्यामा सम्वन्धित वर्गका परीक्षार्थीहरू बीचको प्रतिस्पर्धाको आधारमा योग्यताक्रम अनुसार भर्ना लिनु पर्ने व्यवस्था अनुसार निम्न बमोजिमको आरक्षित कोटा २० प्रतिशतलाई शतप्रतिशत मानि निम्न बमोजिम कोटा निर्धारण गरिएको छ ।

क्याम्पस प्रमुख

तर वर्गीकृत् समूहमा भर्नाका लागि न्यूनतम ४०% अंक प्राप्त गरेका योग्य उम्मेदवार नभएमा योग्यताक्रममा रहेका अन्य विद्यार्थी भर्ना लिनु पर्नेछ ।

| **३०० सिट संख्याको लागि** | |
|---|---|
| **विपन्न समुदाय** | **सिट संख्या** |
| क) महिला | १२ (वाह्र) |
| ख) आदिवासी/जनजाति | १० (दश) |
| ग) मधेशी | ९ (नौ) |
| घ) दलित | ५ (पाँच) |
| ङ) अपाङ्गता भएका व्यक्ति | ५ (पाँच) |
| च) पिछडिएको दुर्गम क्षेत्र | ४ (चार) |
| छ) मुस्लिम | ४ (चार) |
| ज) थारु | ६ (छ) |
| झ) अन्य (लैङ्गिक तथा यौनिक अल्पसंख्यक र आर्थिक रूपले विपन्न खस आर्य) | ५ (पाँच) |
| **जम्मा** | **६० (साठी)** |

**स्पष्टीकरण १**

- **"अन्य"** भन्नाले लैङ्गिक तथा यौनिक अल्पसंख्यक तथा आर्थिक रूपले विपन्न खस आर्यलाई जनाउँछ ।
- **"विपन्न खस आर्य"**भन्नाले वार्षिक आयश्रोत रु. ४०,०००/- (अक्षरूपी रू चालीस हजार) भन्दा कम भई गरिवीको रेखा मुनि रेहको खस आर्यलाई जनाउँछ ।
- **"खस आर्य"** भन्नाले क्षेत्री, ब्राम्हण, ठकुरी, सन्यासी (दसनामी) समुदायलाई जनाउँछ ।
- **"पिछडिएको दुर्गम क्षेत्र"** भन्नाले मुगु, हुम्ला, जुम्ला, कालीकोट, डोल्पा, अछाम, बझाङ्ग, बाजुरा र जाजरकोट जिल्लालाई जनाउँछ ।

**स्पष्टीकरण २: विपन्न वर्गका विद्यार्थीले आरक्षणमा भर्ना पाउने प्राथमिकता क्रम**

- आदिवासी/जनजाति विद्यार्थीका हकमा आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानद्वारा गरिएको वर्गीकरण अनुरूप प्राथमिकताको क्रमको आधारमा ।
- मधेशीको हकमा पिछडिएको समुदाय जिल्ला समन्वय समिति (गठन तथा कार्य सञ्चालन) कार्यविधि, २०७१ को अनुसूचीको वर्गीकरणमा परेका विद्यार्थीहरूलाई अन्य मधेसीभन्दा पहिलो प्राथमिकताका आधारमा ।
- अपाङ्गता भएका विद्यार्थीमध्ये छनौट गर्नु पर्दा निलो, पहेलो र सेतो परिचय पत्र अनुसार प्राथमिकताका आधारमा ।
- "अन्य"को हकमा लैङ्गिक तथा यौनिक अल्पसंख्यक र आर्थिक रुपले विपन्न खस आर्यमध्ये उत्कृष्ट अंक ल्याउनेलाई योग्यताक्रमका आधारमा ।

क्याम्पस प्रमुख

१३. प्रवेश परीक्षाको समयावधि ३ घण्टाको हुनेछ ।

१४. परीक्षार्थीहरूले उत्तर पुस्तिकामा कालो मसी मात्र प्रयोग गर्नु पर्नेछ । कालो मसी बाहेक अन्य मसी वा सिसा कलम प्रयोग गरेको वा कुनै संकेत भएको उत्तरपुस्तिका परीक्षण गरिने छैन ।

१५. म्याद नाघी आएका तथा रीत नपुगेका आवेदन फाराममाथि कुनै कारवाही गरिने छैन ।

१६. प्रवेश परीक्षा तथा भर्ना सम्वन्धी अन्य विस्तृत जानकारी यस क्याम्पसबाट प्राप्त गर्न सकिनेछ ।

१७. प्रवेश परीक्षाको नतिजा परीक्षार्थीहरुले प्रवेश परीक्षामा हाँसिल गरेको अंकको योग्यताक्रम (Merit-List) को आधारमा कम्तीमा ४० प्रतिशत र सोभन्दा माथि अंक प्राप्त गर्ने सम्पूर्ण परीक्षार्थीहरुको प्राप्तांक सहितको एउटै नामावली प्रकाशित गरिनेछ ।

१८. प्रवेश परीक्षाको प्राप्ताङ्क समान भएमा परीक्षार्थीहरूको पूर्व शैक्षिक तहमा (क्रमशः स्नातक, +२/प्रमाणपत्र, एस.ई.ई/एस.एल.सि.) प्राप्त प्राप्ताङ्कका आधारमा योग्यताक्रम निर्धारण गरिनेछ ।

१९. प्रवेश परीक्षा सम्बन्धी कुनै पनि विषयमा क्याम्पसको निर्णय अन्तिम हुनेछ ।

२०. प्रवेश परीक्षा आवेदन फारम वुझाउँदा जम्मा रू. १०५०।- (एक हजार पचास मात्र) एन.आई.सी. एसिया वैंकको जुनसुकै काउण्टरबाट यस क्याम्पसको नाममा रहेको **च.हि.नं. ५४४१०००६२२१५२४०३** मा जम्मा गरी सक्कल वैंङ्क भौचर क्याम्पसको लेखा शाखामा वुझाउनु पर्नेछ ।

२१. शैक्षिक सत्र २०७४ वा सो भन्दा अघि स्नातक तहको अन्तिम परीक्षामा सामेल भई उत्तीर्ण भएका विद्यार्थीहरूले मात्र आवेदन फाराम भर्न सक्नेछन ।

२२. यो सूचना www.nlc.edu.np मा पनि हेर्न सकिनेछ ।

---------------------

डा. डी.एन. पराजुली
क्याम्पस प्रमुख

**क्याम्पस प्रमुख**